अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०२।२० गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

केही दैनिक पत्रिकाका व्यवस्थापकहरुको मिलेमतोमा नेपाल सरकारका बिभिन्न निकायबाट पत्रिकामा छापिनुपर्ने टेण्डरका बिज्ञापनमा बिभिन्न पत्रपत्रिकाले अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तिलाठी कोईलाडी गाउँपालिकाबाट आ.ब. २०७९/०८० को स्वीकृत बजेट अनुसार उक्त गाउँपालिका अन्तर्गत बिभिन्न निर्माण कार्यको लागि ठेक्का नं. ०३/०७९/०८० देखि ०६/०७९/०८० सम्मको ४ ओटा ठेक्काको बोलपत्र आव्हान र खरिद आशयको सूचना सार्वजनिक खरिद ऐन, नियम बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरी तिलाठी कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, लेखा हेर्ने सह-लेखापाल शत्रोहन दास, टाईम्स रिपब्लिक मिडिया प्रा.लि. का संस्थापक भुषण कुमार सिंह, डच मिडिया प्रा.लि.का निर्देशक रवि अर्याल तथा प्रभाव राष्ट्रिय दैनिकका प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्कीसमेतको आपसी मिलोमतो तथा योजनामा आफूहरुलाई गैरकानूनी लाभ तथा तिलाठी कोईलाडी गाउँपालिकालाई हानि पुऱ्याउने बदनियतले उक्त बोलपत्र आव्हान र आशयको सूचना लुकाई छिपाई, सार्वजनिक रुपमा प्रकाशन नगरी नगराई ठेक्का प्रयोजनार्थ अभिलेखमा राखे गरी सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९/१२/२३ को बोलपत्र आह्वानको सूचना र मिति २०८०/०२/१२ को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना एक/एक प्रति मात्र प्रकाशित गरे गराएको, उल्लेखित मितिमा प्रकाशित भनिएका सूचनाहरु प्रेस काउन्सिल नेपालको मिति २०७९ चैत २३ को पत्र अनुसार प्रकाशन भएको नदेखिएको र उक्त पत्रिकाको पत्रिका व्यवस्थापन प्रणालीको PDF अभिलेख हेर्दा उल्लेखित मितिका कुनैपनि पृष्ठमा बोलपत्र आव्हान र खरिद आशयको सूचना प्रकाशित भएको नदेखिएकोले सूचना विवरण लुकाउने कलुषित मनसायसाथ सार्वजनिक तवरमा वितरण प्रयोजनार्थ प्रकाशित नै नगरेको सौर्य दैनिक पत्रिकाको सक्कल भनिएको पत्रिकाको प्रति साथै राखी झुट्टा विल भरपाई लगायतका कागजातहरुको आधारमा रू.३,१६,४१०।- टाईम्स रिपब्लिक मिडिया प्रा.लि.लाई भुक्तानी दिएको, टाईम्स रिपब्लिक मिडिया प्रा.लि.ले बोलपत्र र आशयको सूचना प्रकाशनको लागि डच मिडिया प्रा.लि. लाई मौखिक दिएको र डच मिडिया प्रा.लि.ले उक्त सूचना प्रभाव दैनिकका प्रबन्ध निर्देशकलाई प्रकाशन गर्न दिई भुक्तानी लिएको पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिम सजायको मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

देहाय

सि.नं.	नामथर, पद र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	तिलाठी कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सुरेन्द्र कुमार यादव** र सह-लेखापाल **शत्रोहन दास**	रू.३,१६,४१०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ।
२.	टाईम्स रिपब्लिक मिडिया प्रा.लि. तथा उक्त कम्पनीका मूख्य भई	रू.३,१६,४१०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य

	कामकाज गर्ने संस्थापक सदस्य **भुषण कुमार सिंह**		कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदाबी लिइएको छ।
३.	डच मिडिया प्रा.लि. तथा उक्त कम्पनीका मुख्य भई कामकाज गर्ने निर्देशक **रवि अर्याल**	रू.३,१६,४१०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदाबी लिइएको छ।
४.	प्रभाव राष्ट्रिय दैनिक प्रा.लि. का प्रबन्ध निर्देशक **कृष्ण बहादुर कार्की**	रू.३,१६,४१०।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदाबी लिइएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल